
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नें छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क १७० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ असार २१ गते मंगलबार ❑ 5 July 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## गण्डकी समृद्ध बनाउन निजी क्षेत्रसँग सहकार्य गर्छु : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, २० असार**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले लगानीमैत्री वातावरण तयार गरी रोजगारी सिर्जना गर्नुपर्नेमा जोड दिनुभएको छ ।

लेखनाथ उद्योग वाणिज्य सङ्घको २६औं स्थापना दिवस एवम् २५औं साधारणसभाको सोमबार उद्घाटन गर्दै उहाँले गण्डकी प्रदेशलाई आर्थिक समृद्धिको राजधानी बनाउनका लागि निजी क्षेत्रसँगको सहकार्य अपरिहार्य भएको बताउनुभयो ।

सरकारले लगानी गरेर उद्योगधन्दा सञ्चालन गर्नुभन्दा लगानीमैत्री वातावरण सिर्जना गरी स्वदेशमा नै रोजगारीका सम्भावना निर्माण गर्नुपर्ने आवश्यकता औंल्याउँदै उहाँले निजी क्षेत्र र सरकारका बीचको सहकार्य अनिवार्य भएको उल्लेख गर्नुभयो । गण्डकी प्रदेशका ऊर्जा तथा जलस्रोतमन्त्री हरिशरण आचार्यले उत्पादन बिना देश विकासको कल्पना गर्न नसकिने बताउँदै स्वदेशी कच्चापदार्थमा आधारित उद्योगधन्दा सञ्चालनका लागि राज्यले लगानी बढाएको विचार राख्नुभयो ।

लेखनाथ उद्योग वाणिज्य सङ्घका अध्यक्ष छत्रधर आत्रेयले राष्ट्रिय उत्पादन बढाउनका लागि कृषिमा आधारित उद्योगधन्दालाई प्रथामिकता दिनुपर्ने धारणा राख्नुभयो । उहाँले गण्डकी प्रदेशस्तरीय औद्योगिक क्षेत्रको आवश्यकता, पोखरा र लेखनाथ मिलाएर महानगर बनाउँदाका फाइदा बेफाइदा लगायतमा बोल्नुभएको थियो ।

नेपाल उद्योग वाणिज्य उपाध्यक्ष अञ्जन श्रेष्ठले स्वदेश उत्पादनलाई प्राथमिकतामा राखेर आयातीत वस्तुको न्यूनीकरण गर्ने योजना सरकारले ल्याउनुपर्ने सुझाव दिनुभयो।पोखरा विश्वविद्यालयका उपकुलपति प्राडा प्रेमनारायण अर्यालले दक्ष जनशक्ति निर्माणको आधार भनेको राज्यको नीति भएकाले सोही अनुसार राज्यले पनि नीति बनाउनुपर्ने धारणा राख्नुभयो ।

कार्यक्रममा नेकपा (एमाले) कास्कीका अध्यक्ष मनबहादुर गुरुङ, नेपाली कांग्रेस कास्कीका सभापति किशोरदत्त बराल, रुपा गाउँपालिकाका अध्यक्ष नवराज ओझा, पर्यटन व्यवसायी पुष्पराज अधिकारी, पत्रकार महासङ्घ कास्कीका अध्यक्ष विमला भण्डारी, तनहुँ उद्योग वाणिज्य सङ्घका अध्यक्ष पविन्ध्र श्रेष्ठ लगायतले बिहान बेलुकाको दालभातका लागि मात्र नभई व्यवसायको माध्यमबाट देश विकासको अभियानमा जोडिनुपर्ने विचार राख्नुभयो ।

## राष्ट्रिय भूमि आयोगसँग कास्कीका तीन पालिकाको सम्झौता

**पोखरापत्र संवाददाता**
**तनहुँ, २० असार**

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासको समस्या समाधानका लागि कास्कीका तीन पालिकाले राष्ट्रिय भूमि आयोगसँग सम्झौता गरेका छन् ।

जिल्लाका रुपा, मादी र माछापुच्छ्रे गाउँपालिकाका अध्यक्षहरूले आयोगका केन्द्रीय अध्यक्ष केशव निरौलासँग पोखरामा सम्झौता गर्नुभएको हो । सम्झौतासँगै सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको पहिचान, लगत सङ्कलन, प्रमाणीकरण तथा नाप नक्साको काम सुरु हुने भएको छ । पोखरा महानगरपालिका र अन्नपूर्ण गाउँपालिकाले भने यसअघिनै सम्झौता गरिसकेको राष्ट्रिय भूमि आयोग कास्कीका प्रवक्ता गिरिप्रसाद गुरुङले बताउनुभयो ।

पालिकाहरूमा अब भूमिहीन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको लगत सङ्कलन, कम्प्युटर दर्ता र पुरानो आयोगले गरेका कामको निवेदन लिने र दाबी विरोधसहितको सूचना प्रकाशनलगायतका काम अघि बढाइने आयोगका जिल्ला अध्यक्ष गङ्गाप्रसाद पोखरेलले बताउनुभयो । उहाँका अनुसार वडामा लगत सङ्कलन, प्रमाणीकरण, वडाबाट पालिकालाई सिफारिस र पालिकाले प्रमाणित गरी आयोगमा रेकर्ड पठाउनेसहित सुकुम्बासीलाई जग्गा प्रबन्धका लागि सहजीकरण गर्नेछन् ।

उहाँले भन्नुभयो, "कास्कीका पाँच वटै पालिकासँग भूमिहीनको समस्या समाधान गर्ने कार्यका लागि सम्झौता भएको छ । यससँगै आयोगले अब स्थानीय सरकारसँगको सहकार्यमा भूमिहीनको समस्या समाधान गरेर निस्सा वितरणसम्मको आफ्नो कामलाई अघि बढाउन सहज भएको छ ।" राष्ट्रिय भूमि आयोगले भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा वितरण र अव्यवस्थित बसोबासीको व्यवस्थापनको कार्यलाई समन्वयात्मकरूपमा प्रभावकारी ढङ्गबाट सम्पन्न गर्न स्थानीय तहसँग सहमतिपत्रमा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## राष्ट्रपतिसमक्ष नवनियुक्त तीन मन्त्रीको शपथ

**रासस**
**काठमाडौं, २० असार**

राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष नवनियुक्त तीन मन्त्रीहरूले सोमबार पद तथा गोपनीयताको शपथ लिनुभएको छ ।

राष्ट्रपति कार्यालय शीतल निवासमा आयोजित समारोहमा नवनियुक्त मन्त्रीहरू कृषि तथा पशुपक्षी विकासमन्त्री मृगेन्द्रकुमार सिंह, भौतिक पूर्वाधार तथा यातायातमन्त्री मोहम्मद इश्तियाक राई र वन तथा वातावरणमन्त्री प्रदीप यादवले पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभएको हो । समारोहमा उपराष्ट्रपति नन्दबहादुर पुन, प्रधानमन्त्री शेरबहादुर देउवा, राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सनालगायत उच्चपदस्थ अधिकारीको उपस्थिति थियो । यसअघि जसपाबाट कृषि तथा पशुपक्षी मन्त्रीमा महिन्द्रराय यादव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रीमा रेनुकुमारी यादव र वन तथा वातावरण मन्त्रीमा रामसहाय प्रसाद यादव हुनुहुन्थ्यो ।

## ओमिक्रोन भेरियन्टको नयाँ प्रजाति फेला

**रासस**
**काठमाडौं, २० असार**

नेपालमा पहिलो पटक कोरोना भाइरसको ओमिक्रोन भेरियन्टको नयाँ प्रजातिको फेला परेको छ ।

काभ्रेपलाञ्चोकस्थित धुलिखेल अस्पतालको प्रयोगशाला गरिएको अणुवाङ्शिक (जीन सिक्वेन्सिङ) अध्ययनमाओमिक्रोनभेरियन्टको नयाँ प्रजाति फेला परेको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा चुमनलाल दासले जानकारी दिनुभयो । उहाँका अनुसार देखिएको सङ्क्रमणमा ओमिक्रोन भेरियन्टको नयाँ प्रजाति (BA5') हो । निर्देशक दासले नयाँ प्रजातिको भेरियन्टबारे अध्ययन गरिरहेको बताउनुभयो । "हामीलाई पनि हिजो धुलिखेल अस्पतालबाट ओमिक्रोनको नयाँ प्रजातिका बारेमा जानकारी प्राप्त भएको छ", उहाँले भन्नुभयो, "कुन बिरामीमा ओमिक्रोनको नयाँ प्रजाति भेटिएको भन्नेबारमा हामीले अध्ययन गरिरहेका छौं ।"

नेपालमा यसभन्दाअघि ओमिक्रोनको BA2 प्रजातिको भेरियन्ट भेटिएको थियो । महाशाखाले पनि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा सङ्क्रमित बिरामीको नमूनाको जीन सिक्वेन्सिङ अध्ययन गरिरहेको छ । निर्देशक डा दासले एक/दुई दिनमा काठमाडौंमा गरिएको जीन सिक्वेन्सिङबारे थाहा हुने बताउनुभयो । नेपालका केही दिनदेखियता यसको सङ्क्रमण दर बढिरहेको छ ।

## भिमादका एक सय बढी घरधुरी उच्च जोखिममा

**पोखरापत्र संवाददाता**
**तनहुँ, २० असार**

जिल्लाको भिमाद नगरपालिका- ५ र ६ का एक सयभन्दा बढी घरधुरी नदी कटानका उच्च जोखिममा रहेका छन् ।

भिमाद नगरपालिका- ६ कुमार चोकमा सेती नदीका कारण करिब ८५ र भिमाद-५ अन्टेन खोलानजिक कपरादी दलित बस्तीका २२ घरधुरी जोखिममा परेका हुन् । वर्षायाममा खोला र नदीमा आएको बाढीले बस्ती क्षेत्र कटान गर्न थालेपछि जोखिम बढेको हो । अघिल्ला वर्षमा खोला र नदीमा आएको बाढीले कटान गरेको स्थानमा संरक्षण हुन नसक्दा पुनः वर्षायाम सुरु भएसँगै बस्ती क्षेत्रमा जोखिम बढ्न थालेको छ । सेती नदीले कटान गरेका कारण भिमाद-६ कुमार चोकका धेरै बासिन्दा विस्थापित हुने स्थितिमा पुगेका छन् । केही मानिस दिउँसो त्यही बसेर व्यापार गर्ने र साँझपख अन्यत्रै सुरक्षित स्थानमा गएर बस्दै आएको नगरपालिकाकी उपप्रमुख शारदा खनालले जानकारी दिनुभयो ।

नगरपालिकाको बजेटले मात्रै सम्बोधन गर्न नसकिने भएकोले नदी कटान नियन्त्रणका लागि आवश्यक पहल भइरहेको उहाँले बताउनुभयो । सेतीनदीको कटानका कारण जोखिम बनेको बस्ती जोगाउनको लागि डिपीआर गरिए पनि संरक्षण हुन सकेको छैन । उपप्रमुख खनालले भन्नुभयो, "बस्ती जोगाउन गण्डकी प्रदेश र सङ्घीय सरकारसँग पनि समन्वय गरी अघि बढिरहेका छौं ।" त्यसैगरी भीमाद-५ का दलित बस्तीका करिब २२ घरधुरी जोगाउनका लागि अन्टेन खोलाले कटान गरेको स्थानमा पर्खाल लगाउने कार्य सुरु भइसकेको उहाँले जानकारी दिनुभयो । सेती नदीले कटान गरेको क्षेत्रमा नदीलाई छेकेर मर्निङ्ग पार्क बनाउने योजना रहेको नगरपालिका कार्यालयले जनाएको छ ।

हाल नदी घुमेको उक्त स्थानमा चेक ड्याम निर्माण गरी बस्ती क्षेत्रलाई जोगाउने प्रयास भइरहेको बताइएको छ । बस्ती क्षेत्र संरक्षणका लागि जमिन तलबाट कंक्रिट ढलान निर्माण गर्नुपर्ने देखिएको र यसका लागि ठूलै बजेटको आवश्यक पर्ने नगरप्रमुख दधीराज सुवेदीले जानकारी दिनुभयो । नदीले भत्काउन नसक्ने गरी बस्ती संरक्षण गर्नुपर्ने देखिएकाले त्यसका लागि नगरपालिका सक्रियरुपमा लागि रहेको उहाँको भनाइ थियो ।



# स्याङ्जाको वालिङमा ड्रागन खेती

प्रकाश डोटेल
स्याङ्जा, २० असार

स्याङ्जाको वालिङ नगरपालिका १ धरमपानीमा व्यावसायिक रुपमा बहुगुणी फलफूलको रुपमा रहेको ड्रागन फ्रुट खेती सुरु गरिएको छ । २ वर्षअघि कालिगण्डकी गाउँपालिकाको सहयोगमा स्थानीय कृषकले स्याङ्जामा व्यावसायिक रुपमा ड्रागन खेती शुरु गरेका थिए ।



वालिङका कृष्णप्रसाद ढुङ्गानाले गएको फागुनदेखि व्यावसायिक रुपमा ड्रागन फ्रुट खेती शुरु गरेका हुन् । ८० रोपनी जमिन भाडामा लिएर झण्डै ४ हजार बिरुवाबाट उनले व्यावसायिक रुपमा ड्रागन खेती शुरु गरेको बताए । पछिल्लो समय निकै राम्रो मुल्य र बजार माग देखेर जिल्लाका कृषकहरु ड्रागन खेतीमा लागेका छन् । जिल्लामा झण्डै २० हजार ड्रागनका बिरुवा रोपण गरिएको छ । नयाँ र नौलो व्यवसायको थालनी गरेका ढुङ्गानाले युट्युबको सहायतामा व्यावसायिक ड्रागन खेती गरेको सुनाए । "युट्युब हेर्दै जाँदा ड्रागन खेतीकाबारेमा सुन्न र बुझ्न थालेपछि हाम्रै क्षेत्रमा नयाँ र सम्भावना देखेकाले व्यावसायिक रुपमा ड्रागन खेती थालनी गरेको छु ।" उनले भने, "छिमेकीको बाँझो जमिन भाडामा लिएर सम्याउने काम सकिएसँगै ४ हजार बिरुवा लगाए ।" बिरुवाले १ वर्षदेखि १८ महिनामा उत्पादन दिने ढुङ्गानाले बताए । ८० रोपनी जमिनमा ३० हजार ड्रागन फ्रुटका बिरुवा लगाउने उनको योजना छ । ३० हजार बिरुवाका लागि करिब १० हजार सिमेन्टका खम्बा निर्माण गरेको उनले बताए । प्रत्येक खम्बामा तीन/चार वटा बिरुवा लगाउने तयारीमा ढुङ्गाना छन् । ड्रागन खेतीलाई सिमेन्टको खम्बा र टायर अनिवार्य चाहिन्छ । सिँचाइका लागि पर्याप्त पानीको आवश्यकता नपर्ने, स्थानीय हावापानी र माटो ड्रागन खेतीका लागि उपयुक्त भएकाले हालसम्मका बिरुवा राम्रो हुँदै गएको उनले बताए । ड्रागन फल सुख्खा हावापानीमा हुने सिउँडी प्रजातिको फलफूल हो । मधेशको वीरगञ्ज, विराटनगरबाट बेर्ना तथा बीउ ल्याएको उनले बताए । "शुरुमा ल्याएर लगाएको बिरुवा राम्रो हुँदै गएकाले व्यवसाय विस्तार गर्दै जाने सोचमा छु ।" उनले भने, "नयाँ र नौलो फल हुनुका साथै यसको माग पनि बढि भएकाले उत्पादित वस्तुको बजारीकरणमा समस्या हुदैन् होला ।" सिमेन्टको पोल बनाउँदा शुरुमा बढि लगानी हुने ड्रागन खेतीका लागि एकपटक बिरुवा रोपेपछि वर्षौंसम्म फल दिने विश्वास गरिन्छ । लागत कम र उत्पादन बढि दिने भएपछि पछिल्लो समय व्यावसायिक रुपमा ड्रागन खेतीको बिस्तार हुँदै गएको छ । जस्तो सुकै माटोमा खेती गर्न सकिने यो फललाई गमला, छत र करेशाबारी लगाउन सकिने स्थानीयले बताए ।




मियाँपाटनमा सरसफाई : पोखरा महानगरपालिका वडा नं १३ स्थित नेपाल मुस्लिम युवा समिति र मियाँपाटन टोल विकास संस्थाको संयुक्त आयोजनामा हालै बृहत सरसफाई कार्यक्रम गरिएको छ । कार्यक्रममा वडा नं १३ का वडा अध्यक्ष किरण वरालले फोहर व्यवस्थापन गर्न १३ वटा डस्टविन प्रदान गरे । कार्यक्रममा वडा नं १३ का वडा सदस्य सरीफ अलिमियाँ लगयात समाजसेवी तथा विकासप्रेमीहरुको उपस्थित रहेको नेपाल मुस्लिम युवा समितिका अध्यक्ष अब्बास अलिमियाँले पोखरापत्रलाई बताए ।

# व्यासमा २४ करोड २९ लाख सामाजिक सुरक्षा भत्ता बाँडिँदै

रासस
तनहुँ, २० असार

व्यास नगरपालिका कार्यालयमा आर्थिक वर्ष ०७८/०७९ का लागि रु २४ करोड २९ लाख छ हजार ७३६ वितरण गरिने भएको छ । नेपाल सरकारले सूचीकृत गरेका सात हजार ६१३ जनालाई उक्त रकम वितरण गर्न लागेको नगरपालिका कार्यालय तनहुँले जनाएको छ ।

त्रैमासिक बजेट निकासा भई सामाजिक सुरक्षा भत्ता वितरणका लागि चौथो किस्तामा नपुग रकम रु चार करोड २४ लाख ३८ हजार ३३० राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा माग गरिएको छ ।

ज्येष्ठ नागरिक ७० वर्ष पुगेकालाई रु चार हजार, लोपोन्मुख आदिवासी जनजाति र पूर्ण अशक्त अपाङ्गतालाई रु तीन हजार ९९० का दरले सामाजिक सुरक्षा भत्ता वितरण गरिने प्रावधान रहेको व्यासका पञ्जिकाधिकारी विष्णुकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

त्यसैगरी अन्य ज्येष्ठ नागरिक र एकल महिला ६० वर्ष पुगेका, ७० वर्षमुनिका न्यायिक पृथकीकरण, श्रीमान् नभएका, सम्बन्ध विच्छेद गरेका र विधुवा ६० वर्षभन्दा मुनि श्रीमान् बितेकालाई रु दुई हजार ६६० का दरले भत्ता वितरण गर्न लागिएको हो । त्यसैगरी, अति अशक्त अपाङ्गता 'ख' वर्गका लागि रु दुई हजार १२८, दलित बालबालिकाका लागि रु ५३२ का दरले भत्ता वितरण गरिनेछ । नगरपालिका कार्यालयले आर्थिक वर्ष ०७७/०७८ मा रु २० करोड १७ लाख ४३ हजार ३१५ सामाजिक सुरक्षा भत्ता वितरण गरेको थियो । गतवर्षको तुलनामा यसवर्ष ३३ प्रतिशतले वृद्धि भएको व्यास नगरपालिकाका सूचना अधिकारी एवं आलेप नोडल अधिकृत कुमारकञ्चन जीसीले जानकारी दिनुभयो । उहाँका अनुसार गत वर्ष सात हजार ५६१ जनाले सामाजिक सुरक्षा भत्ता बुझेका थिए ।

मृत्यु हुनेको सङ्ख्याको तुलनामा जन्मदर बढी हुने हुँदा वार्षिक १५ देखि २० प्रतिशतले सामाजिक सुरक्षा भत्ता वृद्धि हुने देखिएको उहाँले बताउनुभयो ।

# फेरि बढ्यो पेट्रोलियम पदार्थको मूल्य

रासस
काठमाडौं, २० असार

नेपाल आयल निगमले सोमबार राति १२ बजेदेखि लागू हुने गरी पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेको छ ।

निगमले पेट्रोलमा प्रतिलिटर रु दुई, डिजेल/मट्टितेलमा प्रटिलिटर रु नौ र हवाई इन्धन (आन्तरिकतर्फ) प्रतिलिटर रु पाँच वृद्धि गरेको हो । मूल्य बढेसँगै पेट्रोलको खुद्रा बिक्री मूल्य प्रतिलिटर रु १८१, डिजेल/मट्टितेलको रु १७२ र हवाई इन्धन (आन्तरिक) को मूल्य प्रतिलिटर रु १९० पुगेको छ । निगमले हवाई इन्धन (बाह्य) र खाना पकाउने एलपी ग्यासको मूल्य यथावत् राखेको छ । इन्डियन आयल कर्पोरेशन (आइओसी)बाट फेरी पेट्रोलियम पदार्थको मूल्य वृद्धि भएर आएको छ । पेट्रोलियम पदार्थको लागत मूल्य निरन्तर बढिरहेको र खरिदबापत भुक्तानी गर्नुपर्ने वक्यौता बढ्दै गएको निगमले जनाएको छ । यही असार २४ गतेसम्म आइओसीलाई तिर्नुपर्ने बक्यौता रु ३० अर्ब पुग्ने निगमको प्रक्षेपण छ ।

## राष्ट्रिय...

हस्ताक्षर गरी कार्य प्रारम्भ गर्नुपर्ने व्यवस्था छ । सरकारले भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने उद्देश्यले गतवर्ष राष्ट्रिय भूमि आयोग गठन गरेको थियो । आयोगको कामलाई प्रभावकारी बनाउन जिल्लाहरूमा पनि आयोगका अध्यक्षलगायतका पदाधिकारी नियुक्त गरी कार्यालय सञ्चालनमा ल्याइएको छ ।

# संसदीय समिति बनाउन अध्यक्ष ओलीको माग

रासस
काठमाडौं, १ असार

प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले बजेट निर्माण प्रक्रियामा अर्थ मन्त्रालयमा भएको सिसीटिभी फुटेज उपलब्ध नभएको घटनाको छानबिन गर्न संसदीय समिति बनाउन माग गर्नुभएको छ ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा विशेष समय लिएर बोल्दै अध्यक्ष ओलीले सो प्रकरणबारे सरकारले छानबिन गराउन सक्नुपर्ने र यसमा प्रधानमन्त्रीले जवाफ दिनुपर्ने बताउनुभयो । अध्यक्ष ओलीले मुलुकको अर्थतन्त्र, परराष्ट्र सम्बन्धलगायतका सवालमा सरकारका कार्य उचित नभएको दावी गर्नुभयो । अध्यक्ष ओलीले अमेरिकी स्टेट पार्टनरसिप प्रोग्राम (एसपिपी) बारे कहिले के के भएको हो ? सोबारेमा पनि स्पष्ट पार्न माग गर्नुभयो ।

# केन्द्रीय समितिको बैठकमा माओवादी नेताले भने : आफ्नै खुट्टामा उभिऔँ, जीत निश्चित छ

रासस
काठमाडौं, २० असार

नेकपा (माओवादी केन्द्र)को बैठकमा पार्टीभित्र मौलाएको गुटवाद र अराजकताको अन्त्य गर्नुपर्नेलगायतका सुझाव केन्द्रीय सदस्यहरूले नेतृत्वलाई दिएका छन् ।

राजधानीमा जारी माओवादीको केन्द्रीय समितिको दोस्रो दिनको बैठकमा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले पेस गर्नुभएको राजनीतिक प्रतिवेदनमाथि धारणा राख्दै नेताहरूले पार्टीको पदाधिकारी चयन तत्काल हुनुपर्ने, सहरी क्षेत्रमा पार्टी किन कमजोर भयो भन्ने बारेमा स्पष्ट दृष्टिकोणका साथ विशेष अभियान सञ्चालन गर्नुपर्ने, पार्टी सञ्चालनका लागि स्पष्ट कार्यदिशा तय गर्नुपर्नेमा जोड दिएका छन् ।

यस्तै पार्टीको साङ्गठनिक अवस्थाको सुधारका लागि ७५३ वटै पालिकामा केन्द्रीय सदस्यको नेतृत्वमा पार्टी समिति परिचालित हुनुपर्ने, तालमेलभन्दा पनि आफ्नै बलबुतामा उभिने गरी अगाडि बढ्नुपर्नेमा जोड दिइएको छ ।

त्यस्तै स्थानीय तहको हालै सम्पन्न निर्वाचनमा अन्तर्घात गर्नेको पहिचान गरी कारबाही गर्नुपर्ने, त्यसो नगरेको खण्डमा पार्टीलाई आगामी दिनमा थप घाटा हुने उनीहरूको भनाइ थियो । आइतबारदेखि सुरु भएको बैठकमा अध्यक्ष प्रचण्डले १० पृष्ठको राजनीतिक प्रतिवेदन पेस गर्नुभएको थियो । त्यस्तै छलफलका लागि नौ वटा प्रस्तावसमेत पेस भएको छ । लामो समयपछि बसेको बैठकमा केन्द्रीय सदस्यले खुल्लारूपमा छलफलमा भाग लिएका छन् भने नेतृत्वको तथ्यसहितको आलोचना गरेका छन् । उनीहरूले स्थानीय तहको निर्वाचनमा गठबन्धन गर्दा माओवादी इमान्दर भए पनि नेपाली कांग्रेसले आफूलाई मात्रै फाइदा हुने गरी गतिविधि गरेको भन्दै आगामी दिनमा विचार पुऱ्याउनसमेत नेतृत्वको ध्यानाकर्षण गराएका छन् ।

गठबन्धन गर्नेभन्दा पनि आफ्नै शक्तिमा निर्वाचनमा जानुपर्ने, पार्टीको क्रान्तिकारी चरित्रलाई थप स्पष्ट पार्नुपर्ने, आफूले जितेका स्थानीय तहमा उदाहरणीय काम गर्नुपर्ने र जनतालाई नयाँ आधारमा सङ्गठित गर्नुपर्ने केन्द्रीय सदस्यहरूले सुझाव दिएका छन् । यस्तै विभिन्न धारामा विभक्त भएको माओवादी आन्दोलनलाई नयाँ आधारमा सङ्गठित गर्नुपर्नेसमेत उनीहरूको भनाइ छ ।

छलफलमा भाग लिने केन्द्रीय सदस्यलाई अध्यक्ष प्रचण्डले दुई मिनेटको समय दिनुभएको भए पनि विषयवस्तुको गाम्भीर्यताका आधारमा १५ देखि २० मिनेटसम्म पनि धारणा राखेका थिए । खुल्लारूपमा छलफलमा सहभागी हुन पाएको भन्दै बैठकमा बोल्ने अधिकांशले पार्टी बनाउने सङ्कल्पसमेत गरेका थिए ।
केन्द्रीय सदस्य देवीप्रसाद ढकालले निकारागुवाको उदाहरण दिँदै त्यहाँको सान्डानिस्टा पार्टी शान्ति प्रक्रियामा आएपछि तीन पटक निर्वाचन हारे पनि सन् २००६ देखि लगातार विजयी हुँदै आएको र नेपालमा पनि माओवादीको विजय सुनिश्चित रहेको बताउनुभयो । उहाँले निर्वाचन हार्दैमा पार्टी नसकिने भन्दै आफ्नो सिद्धान्त र धार छाड्न नहुने बताउनुभयो । माओवादीले संविधान निर्माणपछि आमरूपमा जनतालाई प्रभावमा पार्ने गरी अभियान चलाउन नसकेको र पार्टीको छवि एउटाको पछि लागेर सरकारमा जाने बनेको भन्दै त्यसमा 'ब्रेक थ्रु' जरुरी रहेको उल्लेख गर्नुभयो । उहाँले आफ्नै खुट्टामा उभिन सकेको खण्डमा माओवादीको जीत सम्भव रहेको र नेपाली जनताले पुनः अवसर दिने धारणा राख्नुभयो । माओवादीको पुनरोदय सम्भव छ भन्ने विश्वास नेता कार्यकर्ता र आम जनतामा जगाउन सकियो भने हरेक क्षेत्रमा जीत निकाल्न सकिने उहाँको भनाइ छ । त्यस्तै अखिल (क्रान्तिकारी) का अध्यक्षसमेत रहनु भएका पञ्चा सिंहले विद्यार्थी सङ्गठनमा अराजकता देखिएको भन्दै त्यसको नियमनका लागि पार्टी नेतृत्वको ध्यानकर्षण गराउनुभयो । नेता हरिबोल गजुरेलले पार्टीको पदाधिकारी चयन तत्काल गर्नुपर्ने सुझाव नेतृत्वलाई दिनुभयो । उहाँले अराजकता र गुटबन्दी क्षम्य नहुने भन्दै त्यस्तो क्रियाकलापमा संलग्नलाई कारबाहीको दायरामा ल्याउनुपर्नेमा जोड दिनुभयो ।

त्यस्तै बैठकमा नेताहरूले सरकार सञ्चालनलाई प्रभावकारी बनाउनुपर्ने र देशको सर्वाङ्गीण विकास र सुशासनको उदाहरण भनेकै माओवादी हो भन्ने सन्देश दिनुपर्नेमा जोड दिएका छन् ।

माओवादीले सरकार सञ्चालन गर्न पाएका सरकारहरूमा उदाहरणीय काम गर्नुपर्ने, त्यसका लागि पार्टीले केन्द्रदेखि प्रदेश र स्थानीय तहको सरकार सञ्चालनको प्रस्ट खाका बनाउन एक नीति सम्मेलन गरेर समाजवाद उन्मुख आर्थिक नीति तथा कार्यक्रम तय गर्ने र लागू गर्नुपर्नेमा नेताहरूको भनाइ थियो ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म


सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ । –गीता

## सम्पादकीय

# अर्थको यस्तो हर्कत

अर्थ मन्त्रालयले बजेट निर्माणका वेलाको सीसीटीभी फुटेज मेटिएको जिकिर गरेको छ । बजेट निर्माणका वेला अनधिकृत व्यक्ति प्रवेश गरी करका दर हेरफेर गरेको आरोप लागेका वेला मन्त्रालयले उक्त वेला मन्त्रालयमा जडान गरिएको सीसीटीभी फुटेज मेटिएको जवाफ दिएको छ । उपभोक्ता हित संरक्षण मञ्चका सचिव जयप्रसाद पौडेलले बजेट निर्माणको वेलाको सीसीटीभी फुटेज माग गर्दै गत असार १४ गते मन्त्रालयमा सूचनाको हक अन्तर्गत निवेदन दिएका थिए। उनले गत जेठ १४ गते साँझ ६ बजेदेखि बिहान ६ बजेसम्मको सीसीटीभी फुटेज मागेका थिए । त्यसैगरी चालू आर्थिक वर्षको प्रतिस्थापन विधेयक ल्याउनुभन्दा अघिल्लो दिन २४ भदौ राति ११ बजेदेखि बिहान ६ बजेसम्मको सीसीटीभी फुटेज मागेका थिए ।

मन्त्रालयले १९ असारमा पौडेललाई सीसीटीभी फुटेज दिन नसकिने जवाफ दिएको छ । मन्त्रालयका शाखा अधिकृत धनकुमार राईले पौडेललाई पठाएको पत्रमा मन्त्रालयको सीसीटीभीको अभिलेख क्षमता १३ दिनको मात्र हुने र त्यसअघिको अभिलेख मेटिँदै जाने उल्लेख छ । पत्रमा 'मन्त्रालयमा जडान भएको सीसीटीभीको क्षमता र जडान भएको क्यामेराको आधारमा बढीमा १३ दिनसम्मको मात्र फुटेज अभिलेखमा रहने र तत्पश्चात् पहिलेको अभिलेख मेटिँदै जाने' उल्लेख गरिएको छ ।

अर्थ मन्त्रालयको जवाफ कानून विपरीत देखिएको छ। सरकारले २०७२ सालमा लागू गरेको सीसीटीभी जडान तथा सञ्चालन सम्बन्धी कार्यविधिले सीसीटीभी फुटेज कम्तीमा तीन महीना सुरक्षित राख्नुपर्ने व्यवस्था गरेको छ । गृह मन्त्रालयका तत्कालीन सचिव प्रेमकुमार राईले हस्ताक्षर गरेको कार्यविधिमा सीसीटीभीमा खिचेका दृश्य तीन महीनासम्म सुरक्षित राख्न भनिएको छ । उक्त कार्यविधि विपरीत काम भएमा विद्युतीय कारोबार ऐन, २०६३ बमोजिम कारबाही हुने कार्यविधिमा उल्लेख छ ।

आगामी आर्थिक वर्षको बजेट निर्माणका क्रममा १४ जेठको राति अर्थ मन्त्रालयमा अनधिकृत व्यक्तिको प्रवेश मार्फत करको दर हेरफेर गरिएको भनी आरोप लाग्दै आएको छ । प्रमुख प्रतिपक्षी नेकपा एमालेले संसद्मा यही अर्थमन्त्री जनार्दन शर्माको राजीनामा माग्दै विरोध जनाएको छ । काङ्ग्रेसको डाक्टर शेखर कोइराला समूहले पनि अर्थमन्त्री जनार्दन शर्माको कार्यशैलीप्रति आपत्ति जनाएको छाप्रधानमन्त्री शेर बहादुर देउवाको समर्थन यस्ता गतिविधि भएको भनी आलोचना गरेको छ । सरकारले बजेट निर्माणमा देखाएको गैरजिम्मेवार र अपारदर्शी व्यबहारको सबै क्षेत्रबाट विरोध भएको बेला अर्थमन्त्रालयको जवाफले आरोपलाई पुष्टि गर्ने कना गरेको छ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : झमेला बढ्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : मानसिक तनाब | धनु | : मन चञ्चल |
| कर्कट | : शारीरिक झमेला | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# पर्यटकीयस्थल आँधीमूल जाने सडक कालोपत्र

**पोखरापत्र संवाददाता**
**दमौली, २० असार**

तनहुँको आँबुखैरेनी गाउँपालिका-१ स्थित पर्यटकीयस्थल आँधीमूल जाने सडक कालोपत्र गरिएको छ । गाउँपालिकाकै प्रमुख पर्यटकीय धार्मिकस्थलका रुपमा रहेको आँधीमूलसम्म जाने सडक कालोपत्र गरिएको हो ।

पृथ्वीराजमार्गको एक हजार ७०० देखि साढे दुई किलोमिटरको दूरीमा आँधीमूल रहेको छ । हाल ९०० मिटर दूरीमा कालोपत्र सम्पन्न भएको आँबुखैरेनी गाउँपालिकाका इञ्जिनीयर पङ्कज चितौरे मगरले जानकारी दिनुभयो । गाउँपालिका र सङ्घीय सरकारको रु एक करोड ३४ लाखको लागतमा कालोपत्र सम्पन्न भएको उहाँले बताउनुभयो । गत वर्षदेखि उक्त सडक कालोपत्रका लागि काम सुरु भएको थियो । नुवाकोटस्थित मेगा डेभलपमेन्ट कन्स्ट्रक्सन प्रालीले सडक कालोपत्रको ठेक्का पाएको थियो । त्यहाँबाट आँधीमूलसम्मको बाँकी सडक कालोपत्रका लागि पनि ठेक्का लागेर काम भइरहेको इञ्जिनीयर मगरले बताउनुभयो । "बाँकी रहेको ठाउँमा पनि कालोपत्रका लागि ठेक्का लागेर काम सुरु भइसकेको छ, यही वर्षभित्र सडक कालोपत्र सम्पन्न हुन्छ", उहाँले भन्नुभयो । गणेशकुण्ड विएम सिजल जेभीसँग कालोपत्र, ढलान र नाला निर्माणका लागि गत वैशाख १ गते सम्झौता भएको थियो । सम्झौता भएको एक वर्षभित्र काम सम्पन्न गर्नुपर्ने म्याद रहेको छ । रु तीन करोड आठ लाख २० हजार ३८० मा सडक कालोपत्रका लागि सम्झौता भएको छ ।

यसअघि कच्ची सडक हुँदा पनि आँधीमूलमा पर्यटकको भीड रहने गरेकामा सडक कालोपत्र भएपछि त्यो सङ्ख्या अझै बढ्ने विश्वास गरिएको छ । आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले सडक कालोपत्र सम्पन्न भएपछि आँधीमूलसम्म पुग्न पर्यटकलाई सहज हुने बताउनुभयो । आँधीमूल पर्यटकीय गन्तव्यस्थलका रुपमा विकास भइरहेको छ । आँधीमूलमा रहेको मन्दिर, २३ वटा धारालगायतले यहाँ आउने पर्यटकलाई लोभ्याउने गरेको छ । आँधीमूलमा ठूलो एकादशीका दिन पनि विशेष मेला लाग्ने गरेको छ । आँधीमूल मन्दिरको दर्शन गरे मनोकाङ्क्षा पूरा हुने जनविश्वास रहेको पाइन्छ । आँधीमूलस्थल रमणीय भएकाले पूजाअर्चनाका साथै वनभोजका लागि मानिस टाढाटाढादेखि आउने गर्छन् । यो मन्दिरमासाउनमहिनारऔंसीबाहेकका सबै दिनमा पूजा हुने गर्छ । आँधीमूल देवीको मन्दिरमा परेवा उडाउने, बोका र कुखुरालाई बलि दिने प्रचलन पनि रहेको छ । पर्यटकको चहलपहल बढ्न थालेसँगै यस ठाउँमा थप पूर्वाधार निर्माण गर्ने सोच राखिएको गाउँपालिकाले जनाएको छ । यस क्षेत्रको संरक्षण र विकासका लागि गाउँपालिकाले गत वर्ष तारबार लगाउनुका साथै हावाहुरी आउँदा र पानी परेको समयमा बस्न सहज बनाउने उद्देश्यले टृष्ट निर्माण गरेको छ । गाउँपालिकाले धार्मिक पर्यटकीय गन्तव्य आँधीमूलको विस्तृत आयोजना प्रतिवेदन तयार गर्न लागेको छ । प्यागोडाशैलीको मन्दिर, पार्क, दुई पोखरी र माछाको आकृतिका २३ वटा धारालगायत संरचना रहेको आँधीमूलमा दर्शन गरेमा मनले चिताएको पुग्ने जनविश्वासका कारण तनहुँ, कास्की, स्याङ्जालगायत विभिन्न स्थानबाट दर्शनार्थी आउने गरेका छन् । कञ्चन पानी रहेको पोखरीमा पौडिरहने माछा यस तीर्थस्थलको प्रमुख आकर्षण हो । जलदेवताका रुपमा विश्वास गरिने यहाँका माछा मरेमा अनिवार्यरुपमा संस्कार (काजकिरिया) गर्नुपर्ने प्रचलनले यहाँको सांस्कृतिक महत्वलाई थप उजागर गरेको छ । प्राचीनकालदेखि नै यहाँस्थित खकको फेदमा आँधीमूल बाराहीको पूजा गर्दै आइएकोमा विसं २०३५ मा स्थानीय पाकुली परियारको विशेष सक्रियतामा मन्दिर निर्माण गरिएको थियो । परापूर्वकालदेखि नै हरिबोधनी एकादशीका दिन फूलको डोली ल्याएर विसर्जन गर्ने एवं मन्दिर परिसरमा तोरण टाङ्ने कार्य चलिआएको छ । जल, जङ्गल, जमिनलाई पुज्दै आएका स्थानीय मगर समुदायले खेतबारीमा बाली लगाउने र भित्र्याउने समयमा पनि पूजाआजा गर्ने गरेका छन् ।

# पशुपालक किसानको रोजाइमा डालेघाँस

**पोखरापत्र संवाददाता**
**बागलुङ, २० असार**

बागलुङका किसानले पशुपालनका लागि डालेघाँस रोप्ने कामलाई तीव्रता दिएका छन् ।

उनीहरुले पशुपालन व्यवसाय फष्टाउनका लागि पछिल्लो समय भू संरक्षण र वन कार्यालयले उत्पादन गरेर वितरण गर्ने डालेघाँसले सहज बनाएको बताएका छन् ।

भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यालय पर्वतले बागलुङ जिल्लामा यस वर्ष मात्रै ३२ हजार डालेघाँसका विरुवा वितरण गरेको छ । भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यालय पर्वत अन्तरगतको शाखा कार्यालय बागलुङले उत्पादन गरेका ३२ हजार डालेघाँसका विरुवा किसानलाई यही असार महिनाभर वितरण गरिसकेको छ । पशुपालनका लागि सहज हुँने डालेघाँसले भू तथा जलाधारको क्षेत्रमा समेत सहयोग पुग्नेछ । सडकको छेउछाउ, खोल्साखोल्सी र खोलानाला छेउमा डालेघाँस रोप्दा पशुपालन र भू-क्षय नियन्त्रणमा सहयोग पुऱ्याउने उद्देश्यले कार्यालयले वर्षेनी सो घाँसका विरुवा वितरण गर्दै आएको छ ।

## विमा लेख हरायो

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडबाट जारि गरिएको निम्न लिखित बीमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।

नामः आयुशा सुनुवार राई
विमा लेख नं.: १३००३९१४४
सम्पर्क : लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
मो: ९८२३८५५२४२

## विमा लेख हरायो

गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडबाट जारि गरिएको निम्न लिखित बीमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।

नामः सफल गिरी
विमा लेख नं.: ०६१०००५४७४
नामः निश्चल गिरी
विमा लेख नं.: ०६१०००५२०२

सम्पर्कः गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
क्षेत्रीय कार्यालय पोखरा, फोनः ०६१-५२४४५०

## उद्योग बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०७९/०३/१३

यस कार्यालयमा मिति २०७०/०७/०७ मा कास्की जिल्ला साविक पोखरा महानगरपालिका वडा नं. १७, मा संचालन गर्नेगरि संचालन गर्ने गरि पोखरा महानगरपालिका वडा नं. २१, कास्की निवासी नित्यान्द अधिकारीको नाउँमा दर्ता भएको उ.द.नं. ९३९६/०७०/०७१ को सागर मर्मत केन्द्रका प्रोपाइट नित्यान्द अधिकारीले मिति २०७९/०३/१३ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने उद्योग बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो उद्योगमा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**घरेलु तथा साना उद्योग कार्यालय, कास्की**
**गण्डकी प्रदेश, पोखरा**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १९ मा राम्चे पार्क निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नामः राम्चे पार्क निर्माण
स्थानः पोखरा-१९, कास्की
योजना शुरु मिति : २०७८/१०/१० गते
योजना सम्पन्न मितिः २०७९/०३/१५ गते
योजनाको कुल लागत : रु. ११,११,१५३ ।-
महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.१०,००,००० ।-
जनसहभागितावाट : रु.१,११,१५३ ।-
उपभोक्ता समिति अध्यक्षः ढुण्डीराज पौडेल

**राम्चे पार्क निर्माण उपभोक्ता समिति**
**पोखरा-१९, कास्की**

## विमालेख हरायो

गुराँस लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड बाट जारी गरिएको निम्न लिखित विमालेख हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाइदिनुहुन अनुरोध छ ।

| नाम | विमालेख नं. |
|---|---|
| १. टिका पौडेल | ०६१०००५०१३ |
| २. अम्बिका देवि भट्टराई | ०६१०००४८३३ |

गुराँस लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड
क्षेत्रिय कार्यालय, पोखरा
फोन ०६१-५२४४५०

नेपाल रेडक्रस सोसाइटी कास्की

## वोलपत्र आव्हान सम्बधि सूचना

दोश्रो पटक प्रकाशित मिति : २०७९।०३।२१ गते

नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालय र द कोकोकोला फाउण्डेशनको सहकार्यमा कास्की जिल्ला शाखाबाट कोभिड १९ प्रतिकार्यका लागी सञ्चालन भैरहेको "Stop The Spread" परियोजना अन्तर्गत स्वास्थ्य सुरक्षाका सामग्रीहरु खरिदको लागि यो सूचना प्रकाशित गरिएको छ । मुल्यअभिवृद्धि करमा दर्ता भएका इच्छुक फर्म, कम्पनी, संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन भित्रमा यस शाखाको कार्यालय पोखरा-८, सृजनाचोकमा कार्यालय समय भित्र आइपुग्ने गरी शीलबन्दी वोलपत्र पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ ।

विस्तृत वोलपत्र फारम यस सोसाइटीबाट फिर्ता नहुने गरि रु. २००।– तिरेर प्राप्त गर्न सकिने छ । वोलपत्रको साथमा इच्छुक समुह, फर्म, संस्थाले अनिबार्य रुपमा २०७८/२०७९ को कर चुक्ता प्रमाण पत्र, मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र अन्य दर्ता प्रमाणपत्रहरुका प्रमाणित प्रतिलिपिहरु प्रस्तुत गर्नु पर्ने छ । वोलपत्र सम्वन्धी विस्तृत जानकारी वोलपत्र फारममा उल्लेख गरिए वमोजिम हुनेछ ।

अन्य जानकारीका लागी
सर्म्पक नं : ०६१-५७१७६२, ९८५६०२२२५०
ठेगाना : पोखरा ८, सृजनाचोक

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ३१ तालबेसी कृषि सडक स्तरोन्नती कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नामः तालबेसी कृषि सडक स्तरोन्नती
स्थानः पोखरा-३१, कास्की
योजना सम्झौता मिति : २०७८/११/०५ गते
योजना सम्पन्न मितिः २०७९/०३/१५ गते
योजनाको कुल लागत : रु. २३,५५,००० ।-
महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.२०,००,००० ।-
जन सहभागितावाट : रु.३,५५,००० ।-
उपभोक्ता समिति अध्यक्षः दुर्गादत्त अधिकारी
सम्पर्क नं. ९८१६६९३०१०
सचिवः नवराज अधिकारी, कोषाध्यक्षः कमला अधिकारी
सदस्यः पूर्ण बहादुर भुजेल, पवित्रा अधिकारी, नारायणहरि अधिकारी, दिल बहादुर विश्वकर्मा

**तालवेसी कृषि सडक स्तरोन्नती निर्माण उपभोक्ता समिति पोखरा-३१, तालवेसी**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २४ मा खडगाउँ रोहोटेपानी फुल्से डाँडा कुल मन्दिर हुदै कृषि सडक मोटरबाटो स्तरोन्नती निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नामः खडगाउँ रोहोटेपानी फुल्सेडाँडा कुल मन्दिर हुदै कृषि सडक मोटरबाटो स्तरोन्नती
स्थानः पोखरामहानगरपालिका–२४, कास्कीकोट
योजना शुरु मिति : २०७८/१२/२५ गते
योजना सम्पन्न मिति : २०७९/०२/०३ गते
योजनाको कुल लागत : रु. ११,७७,५००।–
महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.१०,००,००० ।–
जन सहभागितावाट : रु.१,७७,५००।–
उपभोक्ता समिति अध्यक्षः पशुपति सुवेदी
सदस्य संख्याः ९ जना महिलाः ३ जना, पुरुषः ६ जना
उपभोक्ता समिति अध्यक्ष सम्पर्क नं.: ९८६९०८१९२०

**खडगाउँ रोहोटेपानी फुल्से डाँडा कुल मन्दिर हुदै कृषि सडक मोटरबाटो स्तरोन्नती उपभोक्ता समिति, पोखरा-२४, कास्कीकोट**

# व्यास नपामा चौबिसै घण्टा कलसेन्टर

**पोखरापत्र संवाददाता**
**तनहुँ, २० असार**

जिल्लाको व्यास नगरपालिका कार्यालयले चौबिसै घण्टा खुला रहनेगरी कलसेन्टरको व्यवस्था गर्न लागेको छ । नगरवासीका समस्या तथा गुनासो सुन्नका लागि प्राथमिकतामा राखी सहजरुपमा सेवा उपलब्ध गराउने उद्देश्यले कलसेन्टर स्थापना गर्ने गरी नीति पारित भएको हो ।

नगरपालिकाले सेवासुविधा र जानकारीमूलक सूचना मोबाइल एपमार्फत घरघरमा पुऱ्याउने लक्ष्य राखेको प्रमुख प्रशासकीय अधिकृत डिल्लीराम सिग्देलले जानकारी दिनुभयो ।

सङ्घीय सरकारको सहयोगमा नगरपालिकाभित्रका वडा कार्यालय, स्वास्थ्य संस्था र सामुदायिक माध्यमिक विद्यालयमा निःशुल्क इन्टरनेट सेवा प्रदान गर्न आवश्यक व्यवस्था मिलाइने योजना रहेको छ । साथै प्रदेश सरकारको सहकार्यमा नवप्रवर्तनीय साझेदारी कार्यक्रमअन्तर्गत एकीकृत डिजिटल कार्यक्रम कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाइने उहाँले बताउनुभयो । आमसञ्चार सेवाको गुणस्तरीय र सर्वसुलभ पहुँचका लागि स्थानीय सञ्चार ऐन परिमार्जन गरिनेछ भने कानूनबमोजिम एफएम रेडियो सञ्चालन अनुमति, नवीकरण, नियमन र खारेजीको व्यवस्था गरिने नगरपालिकाले जनाएको छ। गुणस्तरीय र छिटोछरितोरुपमा सेवा प्रवाह गर्न नगरपालिकाको सबै वडालाई प्रविधिमैत्री गराउँदै नियमित सेवालाई अझ प्रभावकारी, भरपर्दो एवं विश्वसनीय बनाइनेछ ।

स्थानीयस्तरमा प्रकाशन हुने पत्रपत्रिका, एफएम रेडियो र टेलिभिजनसँग नगरपालिकाको गतिविधि झल्कने गरी कार्यक्रम निर्माण, प्रकाशन र प्रसारण गरी नगरपालिकाको गतिविधि नगरवासीसम्म पुऱ्याउने गरी कार्यक्रम सञ्चालन गरिनेछ। नगरपालिकाको आर्थिक तथा पूर्वाधार विकाससम्बन्धी विषयका समाचार सङ्कलन, रिपोर्टिङसम्बन्धी विशिष्ट तालिम सञ्चालन गरी सहयोग पुऱ्याइने लक्ष्य लिएको छ। हरेक वर्ष नगरपालिकाको समाचार प्रकाशनमा विशेष योगदान दिने एक जना पत्रकारलाई पुरस्कृत गर्दै लैजाने नीति रहेको नगरप्रमुख वैकुण्ठ न्यौपानेले जानकारी दिनुभयो । नगरपालिकाअन्तर्गत अपाङ्गतामैत्री, बालमैत्री र लैङ्गीकमैत्री सञ्चार अभियानलाई थप प्रभावकारी बनाइने नगरपालिकाले जनाएको छ । नगरपालिकाले ऐतिहासिक, पुरातात्विक, सामजिक, भौगोलिक, पर्यटकीय एवं धार्मिक महत्व बोकेका स्थानको डिजिटलाइज गर्न व्यवस्था मिलाइने उहाँले बताउनुभयो ।

# महिला स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहन भत्ता

**पोखरापत्र संवाददाता**
**दमौली, २० असार**

स्वास्थ्य कार्यालय तनहुँले जिल्लाका दशवटै पालिकाका महिला स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहन भत्ता वितरण सुरुआत गरेको छ। गण्डकी प्रदेशको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले भत्ता उपलब्ध थियो ।

चार नगरपालिका र छ गाउँपालिकाका ४५४ महिला स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहन भत्ता वितरणका लागि रु २७ लाख २४ हजार रकम प्राप्त भएको स्वास्थ्य कार्यालयका प्रमुख शङ्करबाबु अधिकारीले जानकारी दिनुभयो। उहाँका अनुसार महिला स्वास्थ्य स्वयंसेविकालाई रु छ हजारका दरले प्रोत्साहन भत्ता वितरण गरिनेछ। “महिला स्वास्थ्य स्वयंसेविकाले गर्दै आएको कामलाई प्रोत्साहन दिन प्रदेश सरकारमार्फत प्रोत्साहन भत्ता उपलब्ध भएको छ, सबै पालिकामा पुगेर भत्ता वितरण गर्छौं”, उहाँले भन्नुभयो । कार्यालयले शुक्लागण्डकीका ५५ महिला स्वास्थ्य स्वयंसेविकालाई रु छ हजारका दरले रु तीन लाख ३० हजार वितरण गरिसकेको छ।

कार्यालयका अनुसार बन्दीपुरका २४, देवघाटका ३३, घिरिङका २७, ऋषिङका ४६, आँबुखैरेनीका २७ र म्याग्दे गाउँपालिकाका २६ सहित भानुका ७२, व्यासका ९७ र भिमाद नगरपालिकाका ४७ स्वयंसेविकालाई प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ । उनीहरूले गाउँ-गाउँ, टोल-टोल पुगेर स्वास्थ्यसम्बन्धी सचेतना फैलाउने, बालबालिकालाई खोप लगाउने काम गर्दै आएका छन् । शुक्लागण्डकी नगरपालिकास्थित महिला स्वास्थ्य स्वयंसेविका सञ्जालकी अध्यक्ष लक्ष्मी सिग्देलले काम गरेबापत सरकारले प्रोत्साहन भत्ता उपलब्ध गराउँदा हौसला बढेको बताउनुभयो । जिल्ला खेलकुद विकास समिति तनहुँको आयोजनामा सम्पन्न जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिताको उपाधि व्यास नगरपालिकाले जितेको छ। प्रतियोगिता शनिबार सुरु भई आइतबार सम्पन्न भएको थियो । व्यासले २२ स्वर्ण, १७ रजत र १० कास्य पदक जितेको छ । प्रतियोगिताअन्तर्गत व्यासस्थित सत्यवती माध्यमिक विद्यालयका खेलाडीले छात्रातर्फ सटपुट, ज्यावलिङ थ्रो, छात्रतर्फ लङ जम्प, छात्रातर्फ ट्रिपल जम्प, छात्रतर्फ २०० मिटर, छात्रातर्फ ४०० मिटरमा विजय हासिल गरेका थिए।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं १०, शिव मार्गमा नाला निर्माण तथा अपाङ्गमैत्री स्ल्याप निर्माण कार्य गर्दा तपसिल बमोजिम आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालामा जानकारीका लागि यो सार्वजनिक सूचना जारी गरिएको छ।**

**योजनाको नाम : शिव मार्ग नाला निर्माण तथा अपाङ्गमैत्री स्ल्याप निर्माण**
**स्थानः पोखरा–१०, शिव मार्ग**
**योजना सम्झौता मिति : २०७९/०१/२१ गते**
**योजना सम्पन्न मिति : २०७९/०३/२५ गते**
**योजनाको कुल लागत : रु.४१,५८,४००।–**
**महानगरपालिकाबाट प्राप्त : ३१,३७,०००।–**
**जनसहभागिताबाट : रु.१०,२१,४००।–**
**उपभोक्ता समिति अध्यक्षः सूर्य प्रसाद शर्मा तिमिल्सिना**
**उपाध्यक्षः चन्द्र प्रकाश ढुङ्गाना**
**सचिवः पुष्पराज पौडेल**
**कोषाध्यक्षः कलावती अधिकारी शर्मा**
**अनुगमन समितिः नारायण बहादुर के.सी. खत्री, बसन्त राज गौतम**

**शिव मार्ग नाला निर्माण उपभोक्ता समिति**
**पोखरा-१०, शिवमार्ग, कास्की**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं ९, स्थित साँघुमुख पार्क निर्माण कार्य गर्दा तपसिल बमोजिम आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालामा जानकारीका लागि यो सार्वजनिक सूचना जारी गरिएको छ।**

**योजनाको नाम : साँघुमुख पार्क निर्माण**
**स्थानः पोखरा–९, साँघुमुख**
**योजना सम्झौता मिति : २०७८/१२/०४ गते**
**योजना सुरु मिति : २०७८/१२/०५ गते**
**योजना सम्पन्न मिति : २०७९/०२/३० गते**
**योजनाको कुल लागत : रु.५,२६,४९१.४२।–**
**वडा नं. ९ बाट स्वीकृत रकम : रु. ५,००,०००।–**
**जनसहभागित रकम : रु.२६,४९१.४२।–**
**प्राविधिक कार्य सम्पन्न प्रतिवेदन : रु.३,८७,९९७.०३।–**
**उपभोक्ता समितिका पदाधिकारी अध्यक्षः रोशन महर्जन**
**सम्पर्क नं. ९८५६०२०८८५**
**जम्मा सदस्य संख्याः १३ जना, महिलाः ४ जना, पुरुषः ९ जना**
**अनुगमन समिति संयोजकः इन्द्रकमल मानन्धर**

**साँघुमुख वातावरण मैत्री विकास उपभोक्ता समिति**
**पोखरा-९, साँघुमुख**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं २२, घैयाखेत बाटो निर्माण उपभोक्ता समितिको तपसिल बमोजिम आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालामा जानकारीका लागि यो सार्वजनिक सूचना जारी गरिएको छ।**

**योजनाको नाम : घैयाखेत सडकमा रिटेनिङवाल निर्माण**
**योजना सम्झौता मिति : २०७८/१२/१७ गते**
**योजना सुरु मिति : २०७८/१२/२० गते**
**योजना सम्पन्न हुने मिति : २०७९/०२/२५ गते**
**योजनाको कुल लागत : रु.१४,७१,०००।–**
**महानगरपालिकाबाट प्राप्त : १२,५०,०००।–**
**उपभोक्ता समितिबाट : रु.२,२१,०००।–**
**जम्मा खर्च : रु.१४,७१,०००।–**
**उपभोक्ता समितिका पदाधिकारी :**
**अध्यक्ष : कुश्माखर पौडेल**
**जम्मा सदस्य संख्या ९, महिला (४ सदस्य)**
**अनुगमन गर्नेको नामः ईन्जिनियर रबिन्द्र गोदार र सब इन्जिनियर विशाल बराल**

**घैयाखेत बाटो निर्माण उपभोक्ता**
**पोखरा-२२ कास्की**


**आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।**
**इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥**

# भावपूर्ण श्रद्धाञ्जली



**जन्मः**
**वि. सं. २०४४/०३/३० गते**

**स्वर्गारोहणः**
**वि. सं. २०७९/०३/१० गते**

## स्व: राम रिजाल

हाम्रो युवा व्यवसायीक समुहका कार्यसमिति सदस्य कन्चन रिजालका दाजु भरतपुर महानगरपालिका वडा नं. २ निवासी **राम रिजाल** को ३५ वर्षको अल्पायू उमेरमा भएको असामयीक निधनले हामी अत्यन्त मर्माहत र स्तब्ध भएका छौं। आज उहाँको बाह्रौं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्य धारणा गर्ने शक्ति भगवानले प्रदान गरून भनी हार्दिक समवेदना व्यक्त गर्दछौं।

| | | | |
|---|---|---|---|
| **नारायण खत्री**<br>**अध्यक्ष** | **कृष्ण नेपाली**<br>**उपाध्यक्ष** | **राबत लामा**<br>**सचिव** | **सुमन श्रेष्ठ**<br>**कोषाध्यक्ष** |
| **समित गुरुङ**<br>**सहसचिव** | **दिनेश जि.सी.**<br>**सदस्य** | **दिपक गुरुङ**<br>**सल्लाहकार** | **युवराज चौलागाई**<br>**सल्लाहकार** |